# मिर्चैया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामनगर, सिरहा
## मधेश प्रदेश, नेपाल

**नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०७९।०७।१७

स्थानीय सरकार सँचालन ऐन २०७४ को परिच्छेद ११(२) को घ (६) को व्यवस्था र स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ अनुसार आ.ब. ०७९।८० को लागि तोकिएका क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम नदि जन्य पदार्थ उत्खनन् तथा संकलन गरि तोकिएको दरमा बिकी गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रहि व्यक्ति/फर्मले आफ्नो फर्म नविकरण भएको प्रमाणपत्र मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७८/०७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु सहित आफुले कबोल गरेको रकम अंक र अक्षरमा फरक नपर्ने गरी उल्लेख गरी रितपूर्वकको शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

| ठेक्का नं. | ठेक्काको विवरण | संकलन तथा उत्खनन् क्षेत्र | कुल उत्खन्न परिमाण घनफिट | न्यूनतम अंक ठेक्का रकम (मु.अ.क.बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १४/०७९-८० | मिर्चैया नगरपालिका भित्र पर्ने घुर्मि नदीको वगरक्षेत्रबाट निस्कन सक्ने ढुङ्गा गिट्टी र बलुवाको बिक्री कर | घुर्मी खोलाको मिर्चैया न.पा र गोलवजार न.पा.को तोकिएको क्षेत्र | २५६६६६६ | ४९२८०००।- | ३०००।- |

- बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु ८ औं दिन दिनको १२:०० बजे सम्म कार्यालयमा दर्ता गर्न सकिनेछ ।
- बोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमशः अन्तिम दिन र सोही समयलाई मानिनेछ ।
- प्राप्त हुन आएको बोलपत्रहरु ८ औं दिन दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिहरु र बोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्ने काममा कुनै बाधा हुने छैन ।
- बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंक मिर्चैया शाखामा रहेको धरौटी खाता नं. ६६४१४९८७४८५२४००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विण्ड वोण्ड) पेश गर्नुपर्नेछ ।
- ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश नदीजन्य पदार्थ संकलन, बिक्री वितरण हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।
- कबोल अंकलाई तिन किस्तामा विभाजन गरि पहिलो किस्ता सम्झौता अधि, दोस्रो किस्ता २०७९ माघ मसान्त भित्र र अन्तिम किस्ता २०७९ चैत्र मसान्त भित्र बुझाउनु पर्ने छ । सम्झौता गर्दाका बखतबाँकी रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको २०८० आषाढ मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विण्ड वोण्ड) पेश गर्नुपर्नेछ । सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्मको रकम छुट दिन सकिनेछ ।
- तोकिएको नाकाहरुबाट मात्र उत्खनन् तथा संकलन गर्न पाईने छ, नदी तथा खोलामा हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन ।
- ढुंगा, गिट्टी, वालुवा र ग्राभेल बिक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाटपुल, पुलेसा, लोकमार्ग जस्ता सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मिटर उत्तर र दक्षिण छोडेर मात्र ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उठाउन पाईनेछ । नगरपालिकाकाले नउठाउने भनि तय गरेको कुनै स्थानबाट उठाउन पाइने छैन ।
- वन क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उत्खन्न गर्न पाईने छैन र अन्य व्यवस्था प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम हुने छ ।
- ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको नियमानुसार १३ प्रतिशतले हुन आउने मु.अ.कर रकम मध्येको ४० प्रतिशत किस्ता संगै नगरपालिकामा बुझाउनु पर्नेछ भने बाँकी ६० प्रतिशत रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरि सोको प्रमाण पेश गर्नु पर्नेछ ।
- ठेकेदारले उठाउने कर यस नगरपालिकाबाट तोकेको दररेटमा रकम उठाउनु पर्नेछ । लोकमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।
- नेपाल सरकार, सम्मानित अदालत, जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।
- ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

Naq Thakur
२०७९/०७/१६
नि. प्रमुख प्रशासकिय अधिकृत

मिर्चैया नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
रामनगर, सिरहा
मधेश प्रदेश, नेपाल

नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी वोलपत्र आह्वानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९।०७।१७**

- नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका व्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।
- बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।
- ठेक्का अवधि सम्झौत्ता भएको मितिदेखि २०८० जेष्ठ मसान्तसम्म रहनेछ ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र वोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईनेछ ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ । यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
- यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोधछ ।

Thakur
2079/06/19.

नि. प्रमुख प्रशासकिय अधिकृत